यस गाउँपालिकाका उपाध्यक्ष ज्यू,

गाउँ सभाका सदस्य ज्यूहरु,

राष्ट्रसेवक कर्मचारी तथा आम चम्पादेवी वासी नागरिक ज्यूहरु,

**श्री "चम्पादेवी हाम्रो शान, कृषि पर्यटन र पूर्वाधार विकास हाम्रो अभियान"** भन्ने नाराका साथ यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरव महशुस गरेको छु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै प्रजातन्त्र, गणतन्त्र स्थापना तथा विभिन्न राजनीतिक परिवर्तन साथै संघीयता कार्यन्वयनका लागि महत्वपूर्ण भुमिका खेल्नुहुने सवै राजनीतिक अग्रजहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसै गरि विभिन्न आन्दोलनको क्रममा बेपत्ता हुनु भएका आम वीरवीरंगनाहरुलाई यस सभाबाट स्मरण गर्न चाहान्छु ।

सुन्दर, समुन्नत र समृद्ध चम्पादेवी निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले आम नागरिक समक्ष अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।

यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी नागरिकको लक्ष्य लिएका छौं ।

नेपाल जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल निर्माण गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रम मार्फत रोजगारीलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा गराउन गाउँपालिकाको क्षमता विकास हुनु अपरिहार्य छ ।

यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**नीति तथा कार्यक्रमका प्राथमिकताहरु :**

- पालिका भित्रको शिक्षा, स्वास्थ्य, कृषि, आवास र रोजगारी जस्ता आधारभुत मानविय आवश्यकता परिपुर्ति गर्ने र त्यस्ता क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने ।
- स्वच्छ खानेपानी, भरपर्दो यातायात तथा विधुत विकास मार्फत पूर्वाधार विकासलाई प्राथमिकता दिने ।
- व्यवस्थित तथा गुणस्तरीय सेवा प्रदानका लागि प्रशासनिक भवन निर्माण .
- सहज आवतजावतका लागि मोटरेवल पुल निर्माण
- उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत र साना तथा मझौला उधोगका क्षेत्रमा पुँजी परिचालन गर्ने ।
- सुशासन, पारदर्शिता भन्ने अभिप्रायका साथ आम पालिका बासीलाई छिटो छरितो गुणस्तरीय र परिणाममुखी सेवा प्रदान गर्ने ।
- जलवायु अनुकुलन पर्यावरणीय संरक्षण र विपत व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धी कार्यहरु गर्ने ।
- लैंगिक समानता र सामाजिक सुरक्षा कायम गर्ने
- स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचानलाई कायम राख्दै गाउँपालिकालाई उत्कृष्ट रुपमा स्थापित गर्ने

- साँस्कृतिक, भौतिक, पर्यटन, शैक्षिक तथा कृषि वन वातावरण क्षेत्रको विकासका लागि सम्वद्ध सवै पक्ष सगँ समन्वय गरिनेछ ।

## विद्यमान अवसरहरूः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून र योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक कारण कृषि उत्पादनमा बहुआयामिक अवसर हुनु तथा सांस्कृतिक रुपमा विविधता रहनु ।
- प्राकृतिक रुपले मनोरम र सम्पदाले भरिपूर्ण गाउँपालिका भएकोले पर्यटकीय संभावन रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

## विद्यमान चुनौतीहरूः

- रोजगार उन्मुख सीपमूलक प्राविधिक शिक्षाको विकास गर्नु ।

- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा,बालुवा गिट्टी) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
- गाउँपालिकाको आन्तरीक आयलाई बृद्धि गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ तथा प्रदेशबाट जारी भएका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधी, परिपत्र तथा विभिन्न समयमा प्राप्त निर्देशनहरु, गाउँसभाबाट पारीत भएका विभिन्न ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका, चम्पादेवी गाउँपालिकाको आवधिक योजना २०८० तथा पार्श्वचित्र, जनप्रतिनिधिहरुको हैसियतले विभिन्न कार्यक्रम तथा स्थानहरुमा व्यक्त गरेका प्रतिवद्धता, नागरिक समाजको छलफल देखी वडा स्तर हुदै बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका चरणहरुमा भएका छलफल, विभिन्न संघ सस्था र निजी क्षेत्र, साथै

राजनितिक अग्रजहरुबाट प्राप्त सुझाव तथा गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

**हालसम्मका प्रमुख उपलब्धीहरू**

- गाउँपालिका कै प्रथम धार्मिक तथा पर्यटकीय क्षेत्र श्री चम्पादेवी ककनी मन्दिरको पूर्वधार विकास गरी दर्शन गर्न आउने धर्मावलम्बीहरुलाई सहज बनाइएको छ ।
- कोशी प्रदेशकै उच्च भुगोलमा रहेको श्री चम्पादेवी रंगशाला निर्माण गरि गाउँपालिकाकै शिर उच्च राख्ने काम भएको छ ।
- गाउँपालिकाको चक्रपथ र मुख्य सडक निर्माणलाइ तिव्र गतिमा संचालन गर्दै आइरहेका छौँ । यसरी गाउँपालिकाले निर्माण गरेको चक्रपथको कुल लम्वाइ करिब ७२ कि.मि र वडा न. १ देखी १० वटै वडाहरुको मुख्य मुख्य नाकाहरु समेटिएको छ । साथै गाउँपालिकाको वडा नम्बर १० र वडा न २ को नवलपुरबाट कालोपत्रे गर्ने काम सुरु भई अगाडी बढिरहेको र अन्य १० वटै वडामा सार्वजनिक बस सेवा मार्फत नागरिकहरुलाई आवतजावतको व्यवस्था भएको छ ।
- सवै विकास निर्माणलाई बैज्ञानिक र दिगो बनाउन भिलेज प्रोफाइल र आवधिक योजनाको निर्माण गरिएको छ ।
- गाउँपालिका भित्रका उत्पादनशिल भुमिहरुलाइ सिँचित गराइ करिव १५०० हेक्टर जमिनमा सिँचाई पुगी करिव ४००० घरधुरी लाभान्वीत भएका छन ।
- चैत्य, गुम्वा तथा मठमन्दिरहरुको निर्माण, स्तर उन्नति एंव प्रवर्द्धन गरिएको छ ।
- विभिन्न वडाहरुमा युवा क्लव भवन, प्रतिक्षालय तथा युवा खेलकुद मैदान निर्माण गरिएको छ ।

- सामुदायिक भवन निर्माणको कामलाई क्रमशः अगाडि बढाइएको छ ।
- प्राय दश वटै वडामा प्रशासनिक भवन निर्माण गरि सेवा संचालन गरिएको छ ।
- वडाका सवै घरहरुमा संचालन हुने गरि वडा नं १ देखी १० वटै वडाहरुमा केन्द्रिय प्रशासरण लाइन विस्तार कार्य भैरहेको छ ।
- एक वार्ड एक खेलकुद मैदान कार्यक्रम अनुसार खेलकुद मैदानहरु निर्माण भइरहेका छन ।
- गाउँपालिका भित्रका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा आवश्यक शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई व्यवस्थीत बनाइएको छ ।
- विधालयमा कार्यरत लेखा कर्मचारी, बालविकास र कार्यालय सहयोगीहरुलाई संघीय सरकारबाट प्राप्त सुविधामा थप गरिएको छ ।
- शिक्षाको गुणस्तरलाई मध्यनजर गरि विद्यालय समायोजनको प्रक्रिया अगाडी बढाइएको छ ।
- स्वास्थ्य नै धन हो भन्ने कुरालाई मध्यनजर गर्दै चालु आ.ब. मा औषधी तथा उपचारको अभाव हुन नदिन आवश्यक औषधी व्यवस्थापन गरि निशुल्क रुपमा वितरण गरिदै आएको छ ।
- पलिकास्तरीय १५ शैयाको अस्पताल निर्माण भई चिकित्सक सहितको विशेषज्ञ सेवा सुचारु भएको छ ।
- गाँउपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र नियमित स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ थप स्वास्थ्य संस्थाहरु स्थापना गरी सेवा प्रवाह गरिएको छ ।
- आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा अन्य स्वास्थ्य सामाग्रीको उचित व्यवस्थापन गरि सेवा प्रवाह गरिदै आएको छ ।

- प्रजनन स्वास्थ्यको हकलाई सुनिश्चित गर्दै मातृ तथा शिशु मृत्युदरलाई कम गर्न यस गाउँपालिका क्षेत्रभित्र रहेका बर्थिङ सेन्टर/प्रसुति गृहमा आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरिएको छ ।
- गाउँपालिका बासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक स्वास्थ्य कर्मीहरुलाई उचित तालिमको व्यवस्था गरिएको छ ।
- एम्बुलेन्स सेवा मार्फत यस गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई सेवा विस्तार गर्दै आएको छ भने सवै स्वास्थ्य संस्थाहरुमा सुत्केरी केन्द्र स्थापना गरि सहज व्यवस्थापन गरिदै आएको छ ।
- आवश्यक किटनाशक तथा पशुपन्छिको औषधी व्यवस्थापन गरि विभिन्न खाले खाद्य बाली तथा पशुपन्छिहरुमा लाग्ने रोगलाई न्यूनिकरण गर्न उल्लेखिय सहयोग प्रदान गर्दै आएको छ ।
- बेरोजगार युवाहरुलाई कृषि स्वरोजगार तर्फ अग्रसर गराउन युवा लक्षित कार्यक्रम संचालन गरिदै आएको छ ।
- व्यवसायिक फर्म स्थापना तर्फ बाख्रा फार्म, बंगुर, माछा तथा कुखुरा फार्मलाई व्यवस्थीत गर्न  अनुदानको व्यवस्था गरीदै आएको छ ।
- कृषकहरुको हितलाई सर्वोपरी ठान्दै अनुदानमा विउ बिजन तथा विभिन्न जातका बोट विरुवाहरु उपलब्ध गराईएको छ ।
- कृषकहरुलाई व्यवसायिक कृषि उत्पादनका लागि सबै खाले तालिमहरु प्रदान गर्नुको साथै तालिम प्राप्त कृषकहरुलाई दुग्ध उत्पादनका लागि अनुदान, उन्नत जातका बाख्रा पालनका लागि अनुदान तथा अन्य खेतिका लागि हाते ट्याक्ट्रर थ्रेसर चाप कटर साथै अन्य कृषि औजरहरु अनुदान मार्फत वितरण गरि आत्मनिर्भर हुन प्रेरित गरिएको छ ।
- जेष्ठ नागरिक सम्मान, परिचय पत्र वितरण तथा घुम्ती शिविर कार्यक्रम संचालन गरिदै आइएको छ ।

- वाल विवाह न्यूनिकरणका लागी जनचेतनामूलक कार्यक्रम संचालन, लैंगिक हिंसा छुवाछुत तथा मानव बेचबिखन विरुद्ध जनचेतनामूक कार्यक्रम संचालन, अपाङ्गता भएको व्यक्तिहरुको पहिचान गरि अपाङ्ग परिचय पत्र स्थानीय स्तरमै वितरण, महिला बालबालिका जेष्ठ नागरिक सँग सम्बन्धीत कार्यक्रमहरु संचालन, बाल दिवस, बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रम सम्पन्न गरिएको छ ।
- लामो समय देखी काम गर्ने करारका कर्मचारीहरु तथा स्वास्थ्य स्वयमसेविकाहरुलाई अवकाश पश्चात रु. एक लाखका साथमा सम्मान गर्ने कार्यक्रम निरन्तर चलिरहेको छ ।

सभाका सदस्य ज्यूहरु,

माथि उल्लेखित नीतिगत उदेश्य, प्राथमिकता, विधि तथा पद्धतीको आधारमा यस गाउँपालिकाबाट आगामी आर्थिक बर्ष २०८३/०८४ मा कार्यन्वयन गरिने बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास तर्फ

### क. शिक्षा

१. स्थानीय तहको शैक्षिक सुदृढिकरणका लागि आवधिक शिक्षा योजना निर्माण गरि कार्यन्वयनमा जोड दिइनेछ ।

२. विधालयका IEMIS फोकल शिक्षकहरुका लागि IEMIS तथा Ict सम्बन्धी क्षमता विकास गराइनेछ ।

३. विधालयको अनुगमन तथा सुपरिवेक्षण गर्न वहु तह अनुगमन तथा सुपरिवेक्षण निति अवलम्बन गरिनेछ ।

४. शिक्षा ऐन शिक्षा नियमावली शिक्षा निति निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एंव प्रवर्द्धन गर्दै लगिनेछ ।

५. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

६. न्युन विधार्थि भएका विधालयहरुलाई मर्ज तथा समायोजन र कक्षा घटाउनका लागि शिक्षा सरोकारवालहरुसँग निरन्तर समन्वय र छलफल गरिनेछ ।

७. विधार्थि तथा युवाहरुको खेल प्रतिभा पहिचान तथा विकास गर्न खेलकुद कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

८. वालवालिकाहरुलाई सिकाइ तर्फ निरन्तर उत्प्रेरित गराई प्रतिस्पधात्मक भावनाको विकास गराउने उद्धेश्यले एस.इ.इ. मा उत्कृष्ट १।१ जना छात्रा र छात्रलाई +२ अध्ययणका लागि छात्रावृतिको व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

१०. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

११. विधालयका लेखा कर्मचारी, बालविकास सहजकर्ता र कार्यालय सहयोगीको पारिश्रमिकलाई स्थानीय तहबाट थप गरिदै आएको रकमलाई निरन्तरता दिइनेछ ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१३. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीतिलाई निरन्तरता दिइनेछ।

१४. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) थप व्यवस्थित गरिनेछ।

१५. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विधमान परिक्षा प्रणालीमा सुधार गरी व्यवस्थित र वैज्ञानिक परिक्षा प्रणाली लागु गरिनेछ ।

१६. गाउँपालिका भित्रै कक्षा १२ को परिक्षा सञ्चालनका लागि आवश्यक पहल गरी कम्तिमा एउटा परिक्षा केन्द्र सञ्चालनमा ल्याइनेछ ।

१७. निशुल्क वितरण गरिने पाठ्यपुस्तक समयमै वितरण गर्न विशेष जोड दिइनेछ ।

१८. कार्य सञ्चयिका फारम तथा विधार्थी होमवर्क डायरी वितरण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

## ख.सांस्कृतिक, धार्मिक तथा पर्यटन तर्फ

१. श्री चम्पादेवी ककनीलाई विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न आवश्यक पहल गरिने छ ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. गाँउपालिका भित्र आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्याराग्लाइडिङ तथा होमस्टेलाई व्यवस्थित गरि पर्यटन प्रर्बद्धनको विकास गरिने छ ।

४. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासमा स्थानीय सरोकारवालाहरुको साझेदारीमा विकास तथा प्रवर्द्धन कार्यलाई अगाडी बढाई पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय नागरिकलाई प्राथामिकता दिईनेछ ।

५. प्रदेश सरकार र गाँउपालिकाको साझेदारीमा चम्पादेवी ककनी, कल्पेश्वर महादेव, तीनतले, मालिङ्गे, तालखर्क, पलापु भिमेश्वर, कवासे थुम्का, गोल्मादेवी, थामडाडा, महारुद्रेश्वर, हंकाली देवी मन्दिर, भिमसेनथान, रुद्राक्षेश्वर महादेव, थामचुरी ककनी, बनझाक्री गुफा, चमेरे गुफा लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ ।

६. गाउँपालिका भित्रका उच्च स्थानमा (पार्क, पिकनिक स्पोर्टस, होमस्टे समेतको) विकासका लागि जोड दिनुका साथै उक्त उच्च स्थानमा रहेका मन्दिर तथा पोखरीको निर्माण, मर्मत तथा संरक्षण गर्ने उदेश्यले सिद्धपोखरी र तालपोखरीको संरक्षणका लागि वजेट व्यवस्था गरिनेछ ।

७. जातीय भेषभुषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धनका लागि पञ्चेवाजा, ढासी नाच, तामाङ सेलो, वालनभजन जस्ता लोपुन्मुख संस्कृतिहरुको जगेर्ना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८.

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१.खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाइ निरन्तरता दिइनेछ ।

२.वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै कृषि स्वरोजगार तिर उन्मुख गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३.युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

४.पालिकाबाट प्रतिनिधित्व गरि खेलकुदमा सहभागी हुने खेलाडीहरुलाई दिदै आएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।

**घ.लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पेश अनुसारका औजर तथा सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

४. कोशी प्रदेशकै अल्पसंख्यकको रुपमा रहेका वादी जातीहरुको मादल बनाउने पेशालाई जगेर्णा गर्न सो सँग सम्बन्धित अत्याधुनिक औजरहरुको व्यवस्था मिलाउनुका साथै शिक्षा, स्वास्थ्य, कृषि जस्ता क्षेत्रमा विशेष व्यवस्था गरिनेछ ।

५. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

६. हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीतिलाई निरन्तरता गरिनेछ ।

७. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. लक्षित वर्गको अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्र सँग सहकार्य गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरीनेछ ।

१०. लैंगिक हिंसा, यौन हिंसा तथा मानव बेचविखन तथा ओसापसार विरुद्ध सचेतना अभियान चलाइनुका साथै दोषीलाई कार्वाहीको दायारमा ल्याउन आवश्यक पहल गरिने छ ।

११. पूर्ण अपाङग भएका व्यक्तिहरुको पहिचान गरि विशेष कार्यक्रम मार्फत उनीहरुलाई पुनस्थापना गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

१२. बालमैत्री स्थानीय शासनको नीतिलाइ निरन्तरता दिइने छ ।

१३. महिला तथा वालवालिकासँग सम्बन्धित कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

१४. बुहारी छात्रवृति तथा मृतक परिवार राहत कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

१५. लक्षित वर्ग तथा जेष्ठ नागरिकहरुलाई घुम्ति शिविर मार्फत टोल घरमा निशुल्क स्वास्थ्य शिविरद्धारा स्वास्थ्य परिक्षण गरि नियमित दिर्घरोगको उपचार गराइरहेका व्यक्तिहरुलाई निशुल्क औषधी वितरणको व्यवस्था मिलाइनेछ

१६.  ८० वर्ष पूरा भएका हाम्रा सम्मानित जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप प्रमाणपत्र तथा आकर्षक उपहारका साथ सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

## ङ. स्वास्थ्य तर्फ

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउन पहल गरिनेछ।

३. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान छुट सहितको एम्बुलेन्स सेवाको प्रबन्धलाइ निरन्तरता दिइनेछ ।

४. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

५. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

६. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

७. सस्तो र गुणस्तरीय औषधीका लागि गाउँपालिका फार्मेसी संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा स्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गरिनेछ। साथै सामुदायिक स्वास्थ्य इकाई स्थापना भएका वडाहरुमा आवश्यक जनशक्ति तथा औषधीको व्यवस्थापन गराई स्वास्थ्य सेवालाई आम नागरिकको पहुँचमा पुऱ्याइने कार्यलाइ थप प्रभावकारी वनाइनेछ ।

९. उमेरको हदको कारण स्वयमसेविका पदबाट अवकाश प्राप्त गर्ने स्वयमसेविकालाई एकमुष्ट प्रोत्साहन रकम प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिनुका साथै महिला स्वास्थ्य स्वयमसेविकालाई दिईने प्रोत्साहन भत्तालाई थप गरि रु. ५०००/ बनाईनेछ ।

१०. प्राणघातक रोग क्यान्सर, मुटुको रोग, मृगौला प्रत्यारोपण र मेरुदण्डको समस्याका विरामीलाई गाउँपालिकाको नियमानुसार सहयोगलाई निरन्तरता दिईनेछ ।

११. चालु आ.ब. मा पनि सुत्केरी भेट कार्यक्रमलाई आमा समूह मार्फत निरन्तरता दिइने छ।

१२. स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने निःशुल्क औषधि तथा अन्य सामाग्रीको उचित व्यवस्थापन मिलाइने छ।

१३. स्वास्थ्यकर्मीलाइ दैनिक कामकाज गर्न क्षमता अभिबृद्धि हुने तालिम तथा गोष्ठीको उचित व्यवस्था मिलाइने छ।

१४. सबै स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर प्रणालीबाट अभिलेख तथा प्रतिवेदन गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ।

१५. पालिका स्तरीय अस्पताल रानीवनबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

१६. देशका कर्णधार कलिला बालबालिका तथा गर्भवती आमाको स्वास्थ्यलाई मध्यनजर गरि गर्भवति आमालाई पोष्टिक आहारको रुपमा अण्डा वितरण कार्यक्रमलाई पूर्नविचार गरी पोषणका अन्य कार्यक्रमहरु सञ्चालन द्वारा आमा र बच्चाको स्वास्थ्यमा सुदृढ गरिनेछ।

१७. गर्भवती महिला जटिलता भई गाउँपालिका बाहिर उपचार गर्न लानुपर्ने भएमा निशुल्क एम्बुलेन्सको व्यवस्थापन गरिने छ।

१८. सम्मुनत चम्पादेवी निर्माणमा सुपोषित बालबालिका कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।

## २.आर्थिक विकास तर्फ

## क.उद्योग

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइने नीतिलाइ निरन्तरता दिइनेछ ।

३. कृषि उत्पादनका आधारमा मझौला उधोग सञ्चालन गरि नागरिकलाई रोजगारीको सुनिश्चितता गरिनेछ ।

४. कोदोको रक्सीलाई उत्पादन तथा ब्रान्डेड गरिनेछ ।

## ख.कृषि तथा पशुपंक्षी

५. "किसान दाई उत्पादन देउ मलाई" भन्ने नाराका साथ कृषकले उत्पादन गरेका कृषि उत्पादन सहकारी मार्फत गाउँपालिकाले जिम्मा लिने नीतिलाइ निरन्तरता दिइनेछ ।

६. किवी स्कुस फर्सी खुर्पानी जस्ता फलफूलहरुबाट जुस जाम जस्ता उत्पादन गर्ने व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।

७. पशु पालक कृषकहरुलाई हौसला प्रदान गर्न २० वटा भन्दा बढि गाइ, गोरु, भैसी र बंगुर पाल्ने कृषकका लागि लागत मूल्य तयार गरी पचास प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

८. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी "पहाडी क्षेत्रका लागि काष्ठफल तथा फलफूल विकास आयोजना" मार्फत ब्यावसायिक कृषि कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

९. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइने नीतिलाइ निरन्तरता दिइनेछ ।

१०. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिने नीतिलाइ निरन्तरता दिइनेछ ।

११. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणलाई निरन्तरता दिइनेछ ।

१. पशु पंक्षिहरुको विमा गरि पशुपालन र कृषिमा विषेश प्राथमिकताका साथ अनुदानको व्यवस्था गरि कृषकहरुलाइ हौसला स्वरुप व्यवसायिक खेती गर्ने कृषकका लागि मल, विउ

किटनाषक औषधी तथा प्राविधिक सेवा निशुल्क व्यवस्था गरिने छ ।

२. गाउँपालिका भित्र एक चिस्यान केन्द्र स्थापन गर्न आवश्यक पहल गरिने छ ।

१२. अर्गानिक कृषि वस्तु उत्पादनलाई बढुवा दिइने नीतिलाइ निरन्तरता दिइनेछ ।

३. कृषकहरुबाट उत्पादीत फलफूल तरकारी तथा अन्य नगदे बालीहरुको बजारीकरणको सहजिकरण गरिने छ ।

१३. चम्पादेवी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि प्रणालीको विकास गर्न चम्पादेवी गाँउपालिका भु उपयोग नीति अवलम्बन गर्दै यस क्षेत्रमा बसोबास गर्ने युवा, लक्षित वर्ग लगायत सम्पुर्ण नागरिकहरुमा आम्दानीको मुख्य स्रोत कृषिलाई अबलम्बन गराउदै लगिन नीतिलाइ निरन्तरता दिइनेछ ।

४. सम्भावित पशु रोगको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाई पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धाण गरीनेछ ।

५. माटो परिक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।

६. एकल महिला, पुरुष तथा यूवा लक्षित कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइ बेरोजगारी समस्या समाधान गर्ने कृषि नीतिलाइ निरन्तरता दिइनेछ ।

७. व्यवसायिक कृषि क्षेत्रको उत्पादन लागतमा कमि र उत्पादकत्व बृद्धिका लागि हाते ट्याक्टर तथा फलफूल खेतीको खाल्डो खन्ने मेसिन खरिद गरि आवश्यकताका आधारमा प्राथमिकीकरण गरी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. कृषकहरुले उत्पादन गरेका वस्तुहरुलाई उपभोक्ताको पहुच सम्म पुर्याई बजारीकरण गर्न पालिका भित्र आवश्यक रुपमा हाटबजार केन्द्र स्थापना गरिनेछ ।

९. गाउँपालिका भित्रका दुग्ध व्यवसायीलाई प्रोत्साहनको नीति अन्तर्गत दैनिक २० लिटर भन्दा बढी दुध उत्पादन तथा विक्रि वितरण गर्ने वा पाँच लैना वस्तु एकै समयमा पाल्ने कृषकका लागि आधुनिक गोठ तथा थलो निर्माणका लागि सत्तरी प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

१०. व्यवसायिक रुपमा खेती गरि उत्कृष्ट तरकारी तथा फलफुल उत्पादन गर्ने कृषकका लागि उत्पादनको मूल्यांकन गरि विशेष अनुदानको व्यवस्था गरिनेछ ।

११. बादर पिडित कृषकहरुका लागि विशेष प्याकेज कार्यक्रम संचालन गर्नुका साथै बादर नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

**ग. सहकारी तथा संघ संस्था**

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

२. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

३. चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका गैर-सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

## ३.सूचना तथा संचार

१. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. गाँउपालिकामा भए गरेका सूचना तथा गतिविधिहरुलाई विद्युतिय माध्यमबाट सम्प्रेषण गरिने नीतिलाइ निरन्तरता दिइनेछ ।

४. अभिलेख व्यवस्थापनमा नविनतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

५. माताहतका सबै कार्यालयहरुलाई गुणस्तरीय तथा पेपरलेस सेवा प्रदानका लागि आवश्यक सफ्टवयर व्यवस्थापन गरिनेछ ।

## ४.न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशनलाई थप व्यवस्थित गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

## ५.सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास तर्फ

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै

माध्यमबाट गर्ने गरी प्रदेश सरकारको सहकार्यमा नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गर्न पहल गरिनेछ ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्यलाई निरन्तर अगाडी बढाईनेछ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठीलाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

७. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

८. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अत्तिक्रमित जग्गाहरु खाली गरि संरक्षण गरिनेछ।

९. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगलाई निरन्तरता दिइनेछ ।

१०. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्यको नीति लिइनेछ ।

## ६.वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

### क. खानेपानी तथा सरसफाई

१. चम्पादेवी गाउँपालिका वडा नम्बर १, २ र ३ मा भएको खानेपानीको जटिल समस्यालाई गाउँपालिकाको आफ्नै बजेटबाट र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समेत सहकार्यमा यो आ ब भित्र समाधान गरिनेछ ।

२. गाउँपालिकाका  अन्य सवै क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने छ ।

३. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

४. गाउँपालिका भित्र विधुतिय प्रविधिबाट संचालन भएका लिफ्टिङ्ग खानेपानी योजनालाई नागरिकको पहुँच सम्म सहज रुपमा पुर्याउन आवश्यक कानुन निर्माण गरि लाग्ने विधुत महशुलको ६० प्रतिशत खर्च व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

५. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्धमा जोड दिइनेछ ।

६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यमा सहयोग गर्ने आम नागरिकहरुलाई प्रोत्साहनको नीति लिइनेछ ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइने नीतिलाई निरन्तरता दिइनेछ ।

## ख.वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षणमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दिको नीति लिइनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्दि गरिनेछ ।

४. भू–सूचना प्रणालीको प्रयोगबाट उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गर्ने नीति लिइनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरि वैज्ञानिक वनाइनेछ ।

७. विपद् जोखिम व्यवस्थापन कोषलाई प्रभावकारी परिचालन गरिनेछ।

८. विपद न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि गाउँपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद व्यवस्थापन कोषको परिचालनको माध्यम बाट विपद व्यवस्थापन कार्यविधी, २०७८ अनुसार तत्काल उद्धार गर्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

## ७.भौतिक पूर्वाधार विकास तर्फ

१. आवधिक योजनामा निर्दिष्ट गरे बमोजिम पूर्वधार विकास गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी योजना सँचालन गरिनेछ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिकाको गौरवको योजनाद्धारा निर्माण भइरहेको चक्रपथ अन्तर्गत घोराखोरी विलन्दु ककनी हुदै फलाटे भन्ज्याङ्ग जोड्ने सडकलाई कालो पत्रे गर्न विशेष पहल गरिनेछ ।

५. एकिकृत वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरवका आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

८. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गर्न निरन्तर अगाडि बढिनेछ ।

९. प्रत्येक वडामा सार्वजनिक शौचालय तथा घाटालय निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

१०. गाउँपालिका केन्द्रसँग सवै वडाहरुको पहुँच पुर्‍याउन मूख्य समास्यका रुपमा रहेको ठुलो खोलामा मोटरेवल पुल निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

११. दिगो विकास गर्न विभिन्न योजनाको लागि आवश्यक डि.पि.आर तथा आइ.इ.इ. प्रक्रियालाई निरन्तरता दिइने छ ।

१२. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

१३. राष्ट्रिय प्रसारण लाइन विस्तारलाई प्रत्येक नागरिकको घरवस्ती सम्म पुर्‍याउन आवश्यक कदम चालिनेछ ।

१४. खेलकुद क्षेत्रको विकासका लागी तयार गरिएमा मुख्य खेलमैदानहरुलाई रंगशालाको रुपमा विकास गरिनुका साथै एक वडा एक खेलकुद मैदान निर्माणको अवधारणालाई निरन्तरता दिइने छ ।

१५. प्रत्येक वडाको नाका जोडने खोलाहरुमा पुल तथा कजवे निर्माण गरि यातायात सुचारुमा सहज बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

## ८.राजस्व तथा आन्तरिक श्रोत तर्फ

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै वैज्ञानिक तरिकाले उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि अवलम्बन गरेको नीति तथा कार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन गर्न सके मात्र त्यसले सार्थकता पाउछ । राज्यको संघिय अवधारणा अनुरुप गठित ऐतिहासिक स्थानिय सरकार प्रति आम चम्पादेवी गाउँपालिका बासी जनताको विकास र परिवर्तनको चाहानालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । चम्पादेवी गाँउपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक  कर्मचारी, सामुदायिक क्षेत्र, श्रमिक वर्ग,

नागरीक सामाज, आम सञ्चार जगत लगायत सम्पुर्ण दिदि बहिनि तथा दाजुभाइहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सवै पक्षको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु। यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्धताहरु आगामी बजेटबाट सम्बोधन हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि जनप्रतिनिधि, राजनैतिकदलका प्रतिनिधि, कर्मचारी, निजी क्षेत्र संघ संस्था, बुद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला महानुभावहरु संसम्पूर्ण पालिकाबासीहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, जनप्रतिनिधि लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा बौद्धिक जगत र चम्पादेवी वासी आम नागरिकहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

**१० आषाढ, २०८३**

**नवराज के.सी.**
**गाउँपालिका अध्यक्ष**